# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**भाग २ खण्ड ६ संख्या ३ जेष्ठ २०८१**

### माध्यमिक तह (कक्षा ११ र १२) निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि२०८१

कार्यपालिकाबाट स्वीकृत मिति २०८१/०१/३१
प्रमाणिकरण मितिः २०८१/०२/०१
राजपत्रमा प्रकाशित मितिः २०८१/०२/०१

**प्रस्तावनाः-** शिवसताक्षी नगरपालिका अन्तर्गत माध्यमिक तह (कक्षा ११ र १२ ) सञ्चालित विद्यालयहरुमा निःशुल्क शिक्षा व्यवस्थापन गरी नेपालको संविधानको धारा ३१ को उपधारा २ मा उल्लेखित प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकलाई कार्यान्वयन गर्नको लागि शिवसताक्षी नगरपालिकाको शिक्षा ऐन , २०७६ को दफा ३२ दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाईएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम माध्यमिक तह (कक्षा ११ र १२) निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८१ सम्झनुपर्दछ ।

ख) यो कार्यविधि शिवसताक्षी नगरपालिका भरी लागू हुनेछ ।

ग) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) "ऐन" भन्नाले शिवसताक्षी नगरपालिकाको शिक्षा ऐन, २०७६ लाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले शिवसताक्षी नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "नगर शिक्षा समिति" भन्नाले नगर शिक्षा ऐन बमोजित गठित शिवसताक्षी नगर शिक्षा समिति लाई सम्झनु
पर्दछ ।

घ) "शाखा" भन्नाले शिवसताक्षी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

ङ) "स्थानीय" तह भन्नाले शिवसताक्षी नगरपालिका सम्झनु पर्दछ ।

**३. उद्देश्यः**

यो कार्यविधि जारी गर्नुको उद्देश्य देहाय अनुसार रहेको छ ।

क) नेपालको संविधान ले व्यवस्था गरेको माध्यमिक तहको शिक्षा लाई निःशुल्क बनाउनु,

**४. अपेक्षा**

क) शिवसताक्षी नगरपालिका भित्र सञ्चालित माध्यमिक विद्यालय (कक्षा ११ र १२ ) लाई निःशुल्क बनाई गुणस्तरीय शिक्षामा विद्यार्थीको पहुँच अभिवृद्धि गर्ने,

**५. बजेट र सिमा**

क) शिवसताक्षी नगरपालिकाको नगर सभाबाट स्वीकृत बजेटको सिमा अनुरुपको निर्दिष्ट कार्यक्रम बमोजिम हुनेछ ।

**६. निःशुल्क शिक्षाका आधारहरुः कक्षा ११ र १२ मा निःशुल्क शिक्षा प्रदान गर्ने आधारहरु देहायका हुनेछन् ।**

क) नेपाल सरकार बाट कक्षा ११ र १२ सञ्चालनको लागि स्विकृति प्राप्त गरेको सामुदायिक विद्यालय ।

ख) कक्षा ११ को विद्यार्थीहरुको रजिष्ट्रेसन संख्याको आधारमा विद्यालयको विद्यार्थी संख्या हुने ।

ग) विद्यालयको मौजुदा दरबन्दी संख्या ।

घ) कक्षा ११ र १२ मा तोकिएको समयमा विद्यालयमा भर्ना भएका विद्यार्थी संख्या ।

ङ) विद्यालयहरुले भर्ना भएका विद्यार्थीहरुको विवरण IEMIS मा अद्यावधिक गरेको रेकर्ड |

## ७. अनुदान सम्बन्धी व्यवस्था

नगरपालिकाले माध्यमिक तह कक्षा ११ र १२ सञ्चालन भएका सामुदायिक विद्यालयहरुलाई तपसिलको अनुदान प्रदान गर्नेछ ।

## ७.१ विद्यार्थी संख्याको आधारमा अनुदान

- नगरपालिकाले कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुलाई विद्यालयले iemis मा अद्यावधिक गरेको विद्यार्थी संख्या र विद्यालयले नगरपालिकामा प्रमाणित गरी पठाएको विद्यार्थी संख्यालाई भिडाई विद्यार्थी संख्याको आधारमा प्रचलित ऐन नियमानुसार आवश्यक कागजात संलग्न राखी विद्यालयलाइ अनुदान दिन सक्नेछ ।
- कक्षा ११ मा रजिष्ट्रेसन फारम भरेका विद्यार्थि संख्याको आधारमा अनुदान दिने
- नगरपालिकाबाट यस शिषर्षकमा विनियोजित बजेट लाइ जम्मा रजिष्ट्रेसन संख्याले भाग गरी हुन आउने प्रतिविद्यार्थी रकम बराबर विद्यालयको रजिष्टेसन संख्याले गुणा गरि आउने रकम अनुदान उपलब्ध गराउने
- अनुदानको सुत्र देहायअनुसार हुनेछ

$$\frac{\text{जम्मा विनियोजोति बजेट}}{\text{शिवसताक्षी नगरपालिकाका सामुदायकि विद्यालहरुमा रजिष्टेसन फारम भरेका कुल विद्यार्थी संख्या}} \times \text{विद्यालयमा रजिष्टेरेसन भएका जम्मा विद्यार्थि संख्या}$$

## ८. विद्यालयले शुल्क लिन नपाउने

- नगरकार्यपालिकाबाट कार्यविधि पास भएको मितिपछि निःशुल्क शिक्षा सम्बन्धी अनुदान प्राप्त गरेका विद्यालयहरुले विद्यार्थीहरुबाट कुनै पनि शीर्षकमा शुल्क लिन

पाउने छैनन् तर परीक्षा, रजिष्ट्रेशन शुल्क भने विद्यार्थी स्वयमले नै बुझाउनु पर्नेछ ।

- कक्षा ११-१२ का पाठ्यपुस्तकको व्यवस्था कार्यक्रम कार्यन्वयन पुस्तिकामा उल्लेख भए बमोजिम हुनेछ ।

**९. अनुगमन सम्बन्धी व्यवस्था**

- कार्यक्रमको अनुगमन शिवसताक्षी नगरपालिकाबाट गरिनेछ ।
- अनुसूची १ अनुसार अनुगमन समिति हुनेछ ।

**१०. लेखापरीक्षण सम्बन्धी व्यवस्था**

- प्रत्येक वर्ष विद्यालयले गर्ने सामाजिक लेखापरीक्षण सँगै यस अनुदानको पनि सा.ले.पा. हुनेछ
- नगरपालिकाबाट प्राप्त हुने अनुदानको लेखापरीक्षण प्रत्येक वर्ष नगरपालिकाले तोकिएको लेखापरीक्षकबाट गराउनु पर्नेछ र सो को एक प्रती नगरपालिका संबन्धीत शाखामा बुझाउनु पर्नेछ। लेखापरीक्षण नगराउने विद्यालयहरुको अनुदान रोक्का हुनेछ ।

**११. बाधा अड्काउ फुकाउ**

यस कार्यविधि अनुसारको कार्यान्वयनमा केही बाधा अड्काउ परेमा नगर कार्यपालिकाले फुकाउन सक्नेछ ।

**अनुसूची - १**

**माध्यमिक शिक्षा (कक्षा ११-१२) निःशुल्क शिक्षा सम्बन्धी अनुगमन समिति देहाय बमोजिम हुनेछ**

नगर प्रमुख - संयोजक

नगर उप-प्रमुख - सदस्य

प्र.प्र.अधिकृत - सदस्य

सामाजिक विकास समितिको संयेजक - सदस्य

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सदस्य सचिव

-

**आज्ञाले**
**अमृत बहादुर राई**
**प्रमुख प्रशासकीय अधिकृत**